"स्वच्छ, सुखी र समुन्नत प्रदेश"

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७७/७८

प्रदेश सरकार

**प्रदेश योजना आयोग**

प्रदेश नं. १, विराटनगर

प्रदेश योजना आयोगको (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा २३ को व्यवस्थाअनुसार प्रस्तुत

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७७/७८

यस प्रतिवेदनमा प्रदेश योजना आयोगको २०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्त सम्मका प्रमुख कामकारबाही तथा हासिल गरेका उपलब्धिहरू समेटिएका छन् ।

प्रदेश सरकार

**प्रदेश योजना आयोग**

प्रदेश नं. १, विराटनगर

वार्षिक प्रतिवेदन २०७७/७८
प्रतिलिपि अधिकार © प्रदेश योजना आयोग

प्रकाशक
प्रदेश सरकार
प्रदेश योजना आयोग
प्रदेश नं. १, विराटनगर
टेलिफोन नं. : ०२१–४७०३७६
वेबसाइट: ppc.p1.gov.np
इमेल: ppc.prov1@gmail.com

# प्रदेश सरकार
# प्रदेश योजना आयोग
## प्रदेश नं. १, विराटनगर



मानननीय मुख्यमन्त्री एवं अध्यक्ष
शेरधन राई



माननीय उपाध्यक्ष
सुबोधराज प्याकुरेल



माननीय सदस्य
डा. पूर्ण कुमार लोक्सम



माननीय सदस्य
मिना भण्डारी



श्री जयकुमार घिमिरे
सदस्य सचिव

**प्रदेश योजना आयोग, प्रदेश नं. १**

**उपाध्यक्ष**

# कृतज्ञता

प्रदेश योजना आयोगको तेस्रो वार्षिक प्रतिवेदन प्रस्तुत गरिरहँदा आयोगको गठन र सञ्चालनको सिलसिलामा हामीलाई मार्गदर्शन गर्नु हुने, सहयोग र सहकार्य गर्नुहुने र अनेक सीमितता बावजूद आयोगलाई नतिजामूलक बनाउन क्रियाशील रहनु हुने सबैमा हार्दिक कृतज्ञता अर्पण गर्दछु । आयोगका अध्यक्ष माननीय मुख्यमन्त्री, सबै मन्त्रालयका माननीय मन्त्रीलगायत पदाधिकारीहरू, योजना अधिकृत र सम्बद्ध अधिकारीहरूले सहयोगमा तत्परता देखाएर हामीलाई सहजीकरण गरी दिनु भएको छ । आयोगलाई सरकारले व्यापक कार्यक्षेत्र तोकिदिएको छ । मूलतः प्रदेशको सर्वाङ्गीण विकास र आर्थिक क्षेत्रको मीमांसा गर्ने तथा द्विपक्षीय तथा बहुपक्षीय सहयोगको सम्पर्क निकायको रूपमा तोकेको छ । विकास योजनाको अनुगमन गरी सुधारको सिफारिस गर्नु आयोगको अर्को महत्त्वपूर्ण कार्य हो ।

कुनैपनि योजनाको सफलताको लागि संरचनाको आवश्यकता पर्छ, जस अन्तर्गत संस्था पर्दछ । संस्थालाई चलायमान बनाउन स्रोतको आवश्यकता पर्छ, जस अन्तर्गत मानव र वित्तीय स्रोत पर्दछ । स्रोत व्यवस्थापन गर्न कार्यशैली अनुशासन र अनुगमन मूल्याङ्कनको विधि पनि निरूपित हुनुपर्छ, जसलाई नियमावली कार्यविधि र परिभाषित नेतृत्व प्रणालीद्वारा व्यवस्थित गर्नु पर्दछ ।

प्रदेश योजना आयोग आफ्नो जिम्मेवारी पुरा गर्न दत्तचित्त छ । संस्थागत विकासको लागि आवश्यक पर्ने यावत् संस्थागत सीमितता बावजूद आयोगले महत्त्वपूर्ण कार्यहरू सम्पन्न गरेको छ तर गर्नु पर्ने धेरै कार्य बाँकी छ । आगामी दिनमा हाम्रो यात्रा सबल हुने अपेक्षा राखेका छौं । सम्बन्धित सबैबाट थप सहयोग प्राप्त हुने अपेक्षा सहित पुनः कृतज्ञता ज्ञापन गर्दछु ।

**भदौ, २०७८** **सुबोधराज**
**प्याकुरेल**

# विषयसूची

**परिच्छेद १ परिचय ........ १**

१.१ प्रदेश योजना आयोगको परिचय ........ १

१.२ प्रदेश योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश ........ २

१.३ आयोगको सङ्गठन संरचना र जनशक्ति व्यवस्था ........ ४

१.४ प्रदेश योजना आयोगको काम, कर्तव्य र अधिकार ........ ७

१.५ उपाध्यक्षको काम, कर्तव्य र अधिकार ........ १०

१.६ सदस्यको काम, कर्तव्य र अधिकार ........ १०

१.७ प्रदेश विकास परिषद् ........ १०

१.८ आयोगको सचिवालय भवन तथा स्रोत साधनको वर्तमान अवस्था ........ ११

१.९ आयोगको बजेट विवरण ........ १३

**परिच्छेद २ प्रमुख उपलब्धि ........ १४**

२.१ मध्यमकालीन खर्च संरचना (२०७८/७९–२०८०/८१) तर्जुमा ........ १४

२.२ वार्षिक विकास कार्यक्रम (२०७७/७८) तर्जुमा ........ १५

२.३ दिगो विकास लक्ष्य : प्रदेश १ को वस्तुस्थिति तथा मार्गचित्र सन् २०१६–२०३० ........ १७

२.४ मध्यावधि प्रगति समीक्षा ........ १९

**परिच्छेद ३ निष्कर्ष तथा भावी कार्यदिशा ........ २१**

३.१ प्रदेश योजना आयोगले हासिल गरेको प्रमुख उपलब्धि ........ २१

३.२ प्रदेश योजना आयोगका समस्या तथा चुनौती ........ २१

३.३ समस्या समाधानका लागि आयोगबाट भएका प्रयास ........ २२

३.४ प्रदेश योजना आयोगको भावी कार्यदिशा ........ २२

# परिच्छेद १
# परिचय

## १.१ प्रदेश योजना आयोगको परिचय

नेपालमा वि.सं. २०१३ मा प्रथम पटक योजना आयोगको नामबाट प्रधानमन्त्रीको अध्यक्षतामा विकास योजना निर्माण गर्ने निकाय गठनसँगै योजनाबद्ध विकास प्रक्रियाको प्रारम्भसँगै भएको थियो । वि.सं. २०४८ मा राष्ट्रिय योजना आयोगमा केही परिवर्तनहरू गरी योजना आयोगको पुनर्गठन भयो । सो आयोगको अध्यक्षता प्रधानमन्त्रीले गर्ने र पूर्णकालीन उपाध्यक्ष सहितको ५ जना सदस्यहरू र एक जना सदस्य–सचिव रहने व्यवस्था गरियो । मुख्य सचिव र अर्थ सचिव पदेन सदस्यको रूपमा रहने व्यवस्था गरियो ।

प्रदेश नं. १ को समग्र विकासका लागि योजना तथा नीति तर्जुमामा प्रदेश सरकारलाई सुझाव सल्लाह दिने निकायका रूपमा प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ अनुसार प्रदेश योजना आयोगको स्थापना भएको हो । आयोग स्थापनाको मुख्य उद्देश्य प्रदेश विकासका लागि दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा गर्न, विकास आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गर्न, प्रदेश सरकार र प्रदेश नं. १ का स्थानीय तहबिचको विकास नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्न, विकास नीति तथा योजनाका विभिन्न आयामहरूको अध्ययन, अनुसन्धान तथा अन्वेषण गर्नुका साथै बहुपक्षीय र द्विपक्षीय सहयोगको सम्पर्क निकाय (Focal Point) का रूपमा कार्य गर्ने रहेको छ ।

२०७५ मङ्सिर महिनामा स्थापना भएको हो । यस आयोगले प्रदेश सरकारको विकास नीति र कार्यक्रमहरू कार्यान्वयनको लागि सहजीकरण गर्दछ । यसैगरी यसले प्रदेशको आर्थिक विकाससम्बद्ध विषयहरूमा विचार आदानप्रदान, बहस, छलफल र अन्तरक्रियाका लागि एउटा मञ्चको रूपमा कार्य गर्दछ । माननीय मुख्यमन्त्रीले प्रदेश योजना आयोगको अध्यक्षता गर्नुहुन्छ भने आयोगमा एकजना पूर्णकालीन उपाध्यक्ष, चार जना सदस्यहरू र एकजना सदस्य सचिव रहने व्यवस्था छ । आयोगको पूर्ण बैठक वर्षको कम्तीमा दुई पटक बस्ने व्यवस्था रहेको छ । त्यस्तै आयोगको नियमित कार्यसञ्चालनको रेखदेख, नियन्त्रण, सुपरिवेक्षण एवं मूल्याङ्कनका लागि कम्तीमा प्रत्येक महिना उपाध्यक्षको अध्यक्षतामा नियमित बैठक बस्ने व्यवस्था रहेको छ ।

## १.२ प्रदेश योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश

प्रदेश सरकार मन्त्रिपरिषद्ले मिति २०७५, कार्तिक १४ गते प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ जारी गरेको हो । त्यस पश्चात् यो अवधि सम्ममा मिति २०७६/०१/१७ र २०७६/०७/२१ गरी दुई पटक यो गठन तथा कार्य सञ्चालन आदेशको संशोधन गरी सकिएको छ । यो आयोगको गठन तथा कार्य सञ्चालन आदेशले प्रदेश योजना आयोगको परिकल्पना गरी आयोगमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू रहने व्यवस्था गरेको छ :

| | | |
|---|---|---|
| क. | मुख्यमन्त्री | – अध्यक्ष |
| ख. | प्रदेश सरकारबाट नियुक्त एक जना | – उपाध्यक्ष |
| ग. | प्रदेश सरकारबाट नियुक्त कम्तीमा एक जना महिलासहित चार जना | – सदस्य |
| घ. | प्रमुख सचिव, प्रदेश सरकार | – सदस्य |
| ङ. | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | – सदस्य |
| च. | सचिव, प्रदेश योजना आयोगको सचिवालय | – सदस्य–सचिव |


उक्त गठन तथा कार्य सञ्चालन आदेशले उपाध्यक्ष र सदस्यको नियुक्ति गर्दा देहायका विषय क्षेत्र लगायतको प्रतिनिधित्व हुने गरी विज्ञता र समावेशी आधारमा गरिने व्यवस्था गरेको छ :

क. आर्थिक विकास,
ख. सामाजिक तथा मानव विकास,
ग. भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा,
घ. अन्य प्राकृतिक स्रोत र मानव स्रोत व्यवस्थापन,
ङ. सुशासन तथा व्यवस्थापन ।

हाल प्रदेश योजना आयोगको अध्यक्ष माननीय मुख्यमन्त्री शेरधन राई, माननीय उपाध्यक्ष सुबोधराज प्याकुरेल, माननीय सदस्यहरू डा. पूर्ण कुमार लोक्सम र मिना भण्डारी, प्रमुख सचिव डा. रामप्रसाद घिमिरे, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव श्री उत्तर कुमार खत्री र सदस्य सचिव श्री जयकुमार घिमिरे रहनु भएको छ ।

## १.३ आयोगको सङ्गठन संरचना र जनशक्ति व्यवस्था

प्रदेश योजना आयोगको सङ्गठन संरचना देहाय बमोजिम रहेको छ :



त्यसैगरी प्रदेश योजना आयोगमा जनशक्तिको अवस्था देहायबमोजिम रहेको छ :

| क्र.सं. | पद | श्रेणी, सेवा, तह | आ.व. २०७६/७७ को स्वीकृत दरबन्दी | आ.व. २०७७/७८ को स्वीकृत दरबन्दी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | नयाँ सिर्जना हुने | कटौती हुने | जम्मा कायम हुने | |
| १ | सचिव | रा.प. प्रथम/ने.प्र./सा.प्र. | १ | ० | ० | १ | |
| २ | अधिकृत | नवौं/दशौं/ ने.प्र./सा.प्र. | ३ | ० | ० | ३ | |
| ३ | अधिकृत | सातौं/आठौं/ ने.प्र./सा.प्र. | ३ | ० | ० | ३ | |
| ४ | अधिकृत | सातौं/आठौं/ने.आ. | १ | ० | ० | १ | |
| ५ | अधिकृत | छैठौँ/ ने.प्र./सा.प्र. | ३ | ० | ० | ३ | |
| ६ | अधिकृत (लेखा) | छैठौँ/ ने.प्र./लेखा | १ | ० | ० | १ | |
| ७ | अधिकृत (तथ्याङ्क) | छैठौँ/ने.आ.यो.त. | १ | ० | ० | १ | |
| ८ | सहायक | पाँचौं/ ने.प्र./सा.प्र. | १ | ० | ० | १ | |
| ९ | स. कम्प्युटर अपरेटर | चौथो/विविध | १ | ० | ० | १ | |
| १० | ह.स.चा. | तहविहीन | ३ | ० | ० | ३ | सचिवालय प्रयोजनार्थ १ जना थप |
| ११ | का.स. | तहविहीन | ३ | ० | ० | ३ | सचिवालय प्रयोजनार्थ १ जना थप |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | २१ | ० | ० | २१ | |

प्रदेश योजना आयोगमा हाल कुल दरबन्दी संख्या २१ जना रहेको छ भने १६ जनाको पदपूर्ति रहेको छ । सचिव, अधिकृतस्तर छैटौँ र सहायकस्तरको पदपूर्ति भए पनि अधिकृतस्तर नवौं/दशौं को पद सबै र अधिकृतस्तर सातौं/आठौं पदको एक जना र तथ्याङ्क/GIS अधिकृतसहित पाँच वटा पद रिक्त रहेको छ ।

## १.४ प्रदेश योजना आयोगको काम, कर्तव्य र अधिकार

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ अनुसार आयोगको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

१. दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा :
   - क. प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी कार्यान्वयनको लागि सिफारिस गर्ने,
   - ख. आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा, अन्य प्राकृतिक स्रोत, मानव स्रोत व्यवस्थापन, सुशासन र व्यवस्थापन लगायतका क्षेत्रमा रणनीति, नीति तथा योजना तयार गर्ने,
   - ग. सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा प्रदेशस्तरका नयाँ विकास आयोजनाको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षणसमेत गरी परामर्श दिने,
   - घ. लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक व्यवस्थापन प्रणाली (Project Bank Management System) निर्माण गर्ने, गराउने,
   - ङ. प्रदेशमा रहेका स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि मापदण्ड तयार गर्ने, गराउने,

च. अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा सोको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

छ. अर्थतन्त्रका समष्टिगत क्षेत्रहरूमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाको तर्जुमा गर्ने, गराउने,

ज. प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति संवाद तथा लगानी मञ्चको विकास, सञ्चालन, समन्वय र सहजीकरण गर्ने,

झ. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्ड अनुकूल प्रदेश तथ्याङ्क प्रणालीको विकास र सम्प्रेषण गर्ने, गराउने ।

२. अनुगमन तथा मूल्याङ्कन :

क. प्रदेश विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरूमा लागू गरी संस्थागत गराउने,

ख. मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीति र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधार गराउने,

ग. अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कन कर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदारबिच सञ्जालको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने ।

३. तहगत समन्वय : प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने ।

४. अध्ययन, अनुसन्धान तथा अन्वेषण :

क. प्रदेशस्तरको कुनै नीतिको सान्दर्भिकता वा विकास योजनाका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट शोध तथा अनुसन्धान गर्ने, गराउने र तत् सम्बन्धी प्रणालीको विकास गर्ने ।

ख. प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने,

ग. आर्थिक तथा सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत, ऊर्जा, प्राकृतिक स्रोत व्यवस्थापन, सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रूपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिस गर्ने ।

५. सम्पर्क निकाय : बहुपक्षीय र द्विपक्षीय सहयोगका योजनाको सम्पर्क निकाय (Focal Point) का रूपमा आयोगले कार्य गर्ने ।

## १.५ उपाध्यक्षको काम, कर्तव्य र अधिकार

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ अनुसार आयोगको उपाध्यक्षको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुने व्यवस्था रहेको छ :

क. आयोगसँग सम्बन्धित काम समन्वयात्मक र प्रभावकारी ढङ्गले सम्पादन गर्ने, गराउने,
ख. प्रदेशको आर्थिक अवस्था, चालू योजना र प्राथमिकताका आयोजना र कार्यक्रमको कार्यान्वयनको प्रगति, समस्या र समस्या समाधानका उपायका बारेमा अध्यक्षलाई जानकारी गराउने,
ग. आयोग वा अध्यक्षले तोकेका अन्य कार्य गर्ने, गराउने ।

## १.६ सदस्यको काम, कर्तव्य र अधिकार

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ अनुसार आयोगको सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने व्यवस्था रहेको छ :

क. आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गरी जानकारी गराउने,
ख. आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित क्षेत्रगत नीति, योजना तथा कार्यक्रमको प्रगतिको वार्षिक प्रतिवेदन तयार गरी पेश गर्ने,
ग. आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित अध्ययन अनुसन्धान गर्नुपर्ने विषय पहिचान गरी त्यस्तो विषयमा उपाध्यक्ष समक्ष सिफारिस गर्ने,
घ. उपाध्यक्षले तोके बमोजिमका अन्य कार्य गर्ने ।

## १.७ प्रदेश विकास परिषद्

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ मा आयोगले तर्जुमा गरेको दीर्घकालीन तथा आवधिक विकास योजनामा मार्गदर्शन दिनका लागि एक प्रदेश विकास परिषद् रहने व्यवस्था रहेको छ । उक्त प्रदेश विकास परिषदको गठन देहायबमोजिम गरिएको छ :

| | | |
|---|---|---|
| क. | मुख्यमन्त्री | – अध्यक्ष |
| ख. | प्रदेश सरकारका मन्त्रीहरू र मन्त्रीको कार्यभार सम्हाल्ने राज्य मन्त्रीहरू | – सदस्य |
| ग. | प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता | – सदस्य |
| घ. | प्रदेश सभाका समितिका सभापतिहरू | – सदस्य |
| ङ. | आयोगका उपाध्यक्ष तथा सदस्यहरू | – सदस्य |
| च. | प्रमुख सचिव, प्रदेश सरकार | – सदस्य |
| छ. | मुख्य न्यायाधिवक्ता, प्रदेश नं. १ | – सदस्य |
| ज. | प्रदेश सरकारका सचिवहरू | – सदस्य |
| झ. | जिल्ला समन्वय समिति र स्थानीय तहका प्रमुख | – सदस्य |
| ञ. | प्रचलित कानुन बमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि तथा निजी क्षेत्र लगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुर्‍याएका व्यक्तिहरू मध्येबाट कम्तीमा एक तिहाइ महिला सहित प्रदेश सरकारबाट मनोनीत पन्ध्र जना | – सदस्य |
| ट. | सचिव, प्रदेश योजना आयोगको सचिवालय | – सदस्य सचिव |

परिषदको बैठकमा आयोगले तयार गरेको प्रदेश नीति तथा योजना छलफल भएपछि परिषदको निर्देशन अनुसार प्रदेश सरकारको स्वीकृतिको लागि पेश गर्ने व्यवस्था रहेको छ ।

## १.८ आयोगको सचिवालय भवन तथा स्रोत साधनको वर्तमान अवस्था

प्रदेश योजना आयोगको आफ्नै सचिवालय भवन नभएकोले आयोगले विराटनगर १२, कवि लेखनाथ मार्गस्थित एक निजी घरलाई भाडामा लिई कार्य सञ्चालन गर्दै आइरहेको छ । आयोगसँग दैनिक कामकाज सञ्चालनका लागि आवश्यक डेस्कटप कम्प्युटर, ल्यापटप, डेस्क–टेबुल, कुर्सी, सोफा, दराज, स्कर्पियो जिप, टेरानो कार, मोटरसाइकल, टेलिफोन लाइन आदि रहेका छन् । त्यस्तै आयोगले CGAS Accounting Software खरिद गरी सो Software बाट लेखा सम्बन्धी कार्यहरू गर्दै आएको छ ।

प्रदेश योजना आयोगको जिन्सी सामाग्रीको विवरण :

| क्र.सं. | | संख्या | | | |
|---|---|---|---|---|---|
| | | आ.व. २०७५।७६ | आ.व. २०७६।७७ | आ.व. २०७७।७८ | जम्मा |
| १ | कम्प्युटर | ७ | ५ | २ | |
| २ | प्रिन्टर | ६ | ९ | ३ | |
| ३ | अफिस कुर्सी | १२ | ७ | | |
| ४ | साधारण कुर्सी | २० | २९ | | |
| ५ | अफिस टेबुल | १२ | ८ | | |
| ६ | स्टिल दराज | ६ | ४ | | |
| ७ | मोटरसाइकल | २ | ५ | | |
| ८ | रेफ्रिजरेटर | १ | | | |
| ९ | भ्याक्युम क्लिनर | १ | | | |
| १० | वाटर फिल्टर | १ | | | |
| ११ | साइकल | २ | | ४ | |
| १२ | चार पाङ्ग्रे गाडी | ४ | | १ | |

| क्र.सं. | | संख्या | | आ.व. २०७७।७८ | जम्मा |
|---|---|---|---|---|---|
| | | आ.व. २०७५।७६ | आ.व. २०७६।७७ | | |
| १३ | एसी | ६ | ५ | २ | |
| १४ | स्टेपलाइजर | २ | ९ | | |
| १५ | सिलिङ पंखा | ४ | १ | | |
| १६ | सोफासेट | ३ | १ | १ | |
| १७ | ल्यापटप | ३ | ४ | १ | |
| १८ | इन्टरकम | | १ | | |
| १९ | प्रोजेक्टर | | १ | | |
| २० | अनलाइन यु पि एस् | | १ | | |
| २१ | अफलाइन यु पि एस् | | १ | | |
| २२ | एक्साइड ब्याट्रि | | १२ | | |
| २३ | टि टेबल | | ७ | | |
| २४ | बुककेस | | ७ | | |


## १.९ आयोगको बजेट विवरण

रु हजारमा

| क्र.सं. | शीर्षक | विनियोजित | | वित्तीय प्रगति प्रतिशत |
|---|---|---|---|---|
| | | बजेट | खर्च | |
| १ | चालू | ३५४७४ | १६५११ | ५३.६३ |
| २ | पुँजीगत | ६७६४ | ६१४१ | |
| कुल | | ४२२३८ | २२६५२ | |

# परिच्छेद २
# प्रमुख उपलब्धि

## २.१ मध्यमकालीन खर्च संरचना (२०७८/७९–२०८०/८१) तर्जुमा




"स्वच्छ, सुखी र समुन्नत प्रदेश" को प्रादेशिक दीर्घकालीन सोच र सामाजिक न्यायसहितको प्रदेश निर्माण गर्ने प्रादेशिक उद्देश्य प्राप्त गर्न सार्वजनिक खर्चको कुशल परिचालन अपरिहार्य छ । यसका लागि विनियोजन कुशलता तथा दक्षता र वित्तीय अनुशासनको प्रभावकारी व्यवस्थापन गर्ने औजारका रूपमा मध्यमकालीन खर्च संरचना रहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश र स्थानीय तहका सरकारले सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्दा अनिवार्य रूपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गरी पेश गर्नुपर्ने व्यवस्था गरेको छ ।

मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्दा गत आर्थिक वर्षको वास्तविक स्रोत अनुमान र खर्चअनुसार आगामी बाँकी दुई वर्षको बजेट परिमार्जनसहित प्रक्षेपण गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आकलन गरिनु पर्छ । यो प्रक्रियाले बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक र वस्तुनिष्ठ बनाउन

महत्त्वपूर्ण भूमिका पुऱ्याउनुको साथै बजेटलाई प्रादेशिक लक्ष्य, उद्देश्य, नतिजा र उपलब्धिसँग आबद्ध गराउँछ । तसर्थ, यस खर्च संरचनालाई विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजस्व र वैदेशिक सहायताको अनुमान समेतलाई समेटेर हरेक वर्ष परिमार्जन गरिन्छ ।

यसमा दिगो विकास लक्ष्य, राष्ट्रिय विकास लक्ष्य र प्रदेशको आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिसँग वार्षिक बजेटलाई तादात्म्यता कायम गराउने भरपूर प्रयास गरिएको छ । मध्यमकालीन खर्च संरचनामा प्रादेशिक बजेटलाई प्रादेशिक दीर्घकालीन सोचका आधार स्तम्भ, लैङ्गिक संकेत र जलवायु संकेतका आधारमा पनि विनियोजन तथा प्रक्षेपण गरिएको छ । साथै, यस मध्यमकालीन खर्च संरचनामा आयोजनाका प्राथमिकतासहित आगामी तीन आर्थिक वर्षको स्रोत र साधनको प्रक्षेपण, विनियोजनको सुनिश्चितता, खर्चको पुस्त्याईसमेत समेट्दै प्राप्त हुनसक्ने उपलब्धि समावेश गरिएको छ ।

## २.२ वार्षिक विकास कार्यक्रम (२०७७/७८) तर्जुमा


प्रदेश योजना आयोगले प्रदेश नं. १ सरकारको आर्थिक वर्ष २०७७/०७८ को लागि वार्षिक विकास कार्यक्रम तर्जुमा गरेको छ । वार्षिक विकास कार्यक्रम भनेको प्रदेश सरकारले विनियोजन गरेको वार्षिक बजेटलाई दिगो विकास लक्ष्य, राष्ट्रिय विकास लक्ष्य, प्रादेशिक आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना लगायतका दस्तावेजहरूको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिसँग तादात्म्यता कायम गराउँदै सोको प्रभावकारी कार्यान्वयनका लागि तयार गरिने कार्य योजना हो । प्रदेशको योजनाबद्ध तथा व्यवस्थित विकासका लागि आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना तर्जुमा भइसकेको अवस्थामा आ.व. २०७७/०७८ को विकास बजेटलाई व्यवहारिक, पारदर्शी तथा कार्यान्वयन योग्य बनाउन प्रदेश

सरकारको लागि वार्षिक विकास कार्यक्रम तर्जुमा गर्न अत्यन्त आवश्यक छ ।




वार्षिक विकास कार्यक्रम (२०७७/७८) तर्जुमाको उद्देश्य वार्षिक बजेटलाई दिगो विकास लक्ष्य, आवधिक योजना र मध्यमकालीन खर्च संरचनासँग तादात्म्यता कायम गराउँदै सरकारको विकास बजेटलाई नतिजामुखी, पारदर्शी तथा मितव्ययी बनाउन सहयोग पुर्याउनु तथा बजेटलाई समयमा नै नियमसङ्गत तरिकाले कार्यान्वयन गर्न सहयोग गर्नु रहेको छ । यसबाट प्राथमिकता प्राप्त क्षेत्रमा प्रदेश सरकारको विकास बजेटलाई परिलक्षित गर्न, विनियोजन भएको बजेटको अत्युत्तम सदुपयोग गर्न तथा प्रदेश सरकारको विकास आयोजनाको स्पष्ट खाका तय गर्न सहयोग पुग्ने देखिन्छ । साथै, प्रदेश सरकारको यस वार्षिक विकास कार्यक्रमले आगामी आर्थिक वर्षमा हासिल गर्नुपर्ने सम्भावित नतिजा, प्रमुख प्रतिफल, हालसम्मको उपलब्धि, विकाससम्बद्ध प्रमुख क्रियाकलाप र सोको लागि विनियोजित बजेटको स्पष्ट खाका प्रस्तुत गरेको छ ।

## २.३ दिगो विकास लक्ष्य : प्रदेश १ को वस्तुस्थिति तथा मार्गचित्र सन् २०१६–२०३०




दिगो विकास लक्ष्य : प्रदेश १ को वस्तुस्थिति तथा मार्गचित्र सन् २०१६–२०३० प्रतिवेदन पनि आयोगले तयार गरेको छ । सन् २०३० सम्ममा गरिबीको अन्त्य गर्न, यो पृथ्वीलाई सुरक्षित राख्न तथा पृथ्वीका सबै जनताले शान्ति र समृद्धि उपभोग गर्ने गरी काम गर्न विश्वव्यापी आह्वानका रूपमा सन् २०१५ मा संयुक्त राष्ट्र संघका सदस्यहरूले सर्वसम्मत रूपमा दिगो विकास लक्ष्य (SDG) लाई अपनाएको थियो । यी दिगो विकास लक्ष्य सामूहिक जबाफदेहीता र सदस्य राष्ट्रहरू प्रति योजना तर्जुमा, अनुगमन तथा उत्तरदायित्वको वृहत् कार्यक्षेत्रमा आधारित छ । यो दिगो विकास लक्ष्य यसअघिको सहस्राब्दी विकास लक्ष्य सन् २०००–२०१५ को विस्तारित स्वरूप हो । जसमा समग्र विकास क्रमलाई आठ वटा मापनयोग्य  लक्ष्य र तिनलाई मापन गर्ने  ६० वटा सूचकसहित ८ वटा कार्यक्षेत्र (एजेन्डा) तय गरिएका थिए । ती हुन् : गरिबी, भोकमरी, शिक्षा, लैङ्गिक समानता, बाल मृत्युदर, मातृ स्वास्थ्य, एचआइभी/एड्स, हैजा र क्षयरोग तथा वातावरणीय दिगोपना ।

वैज्ञानिक र तार्किक अर्थमा यो प्रतिवेदनले अल्पकालीन कोशेढुङ्गा सन् २०२२ (अल्पविकसित अवस्थाबाट माथि उक्लने अपेक्षाकृत वर्ष) र सन्

२०२५ (द्रुत विकास चरणको विन्दु) सहित सन् २०३० सम्मका लागि एउटा मार्गचित्र प्रक्षेपण गर्ने काम गर्छ । यसका अतिरिक्त, आधार रेखा (सन् २०१५) र उपलब्धि (सन् २०१९) का तथ्याङ्कहरूले प्रदेशको अवस्थालाई संकेत गरेका छन् । प्रतिवेदनमा प्रदेश अनुरूपको परिस्थितिमा आधारित सूचकहरू समावेश छन्, जसलाई संख्यात्मक मापदण्डहरूको साथ प्राप्त छ । यसले सबै सरोकारवालालाई विकास क्रियाकलापहरूको योजना, कार्यान्वयन र अनुगमनमा संलग्न गराउन मद्दत गर्छ । प्रक्षेपण र अनुगमन ढाँचा राष्ट्रिय तथा विश्वव्यापी ढाँचाअनुरूप अद्यावधिक गरिएको छ । सूचकले "कसैलाई पनि पछाडि नछाडौँ" भन्ने SDG को मूल भावना र स्वच्छ, सुखी र समुन्नत प्रदेशको हाम्रो दीर्घकालीन परिकल्पनालाई आत्मसाथ गरेका छन् । विश्वव्यापी लक्ष्य प्राप्तिका लागि नेपालका तीन वटै तहका सरकार समान रूपले जिम्मेवार छन् । प्रदेश १ को आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट सबै दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्ध छन् । महत्त्वाकाङ्क्षी एजेन्डाको कार्यान्वयनका लागि विवेकसम्मत आकलन र वित्तीय योजना, संस्थागत तथा जनशक्तिको परिचालन गर्नु वाञ्छनीय हुन्छ । विश्वव्यापी महामारीको रूपमा रहेको कोभिड–१९ ले सिर्जना गरेको चिन्ताजनक सामाजिक, आर्थिक अवस्थाबिच पनि प्रदेशका मुख्य योजनाहरू दिगो विकास लक्ष्यसँगै अन्तरसम्बन्धित रहेका छन् ।

## २.४ मध्यावधि प्रगति समीक्षा




प्रदेशको सरकारले आफ्नो पाँच वर्षे कार्यकालको आधा अवधि अर्थात् मध्यावधि पूरा गरिसकेको अवस्थामा प्रदेश सरकारको मध्यावधि प्रगति समीक्षा गरी सार्वजनिक गरिएको छ । प्रदेश सरकारको स्थापनाको सय दिन देखि मध्यावधिसम्मको भौतिक तथा वित्तीय प्रगतिको मात्रात्मक, गुणात्मक तथा समग्र देशको अर्थतन्त्रमा परेको प्रभाव समेत समीक्षा गरी प्रदेश सरकार हाल कुन अवस्थामा छ, अब के गर्दा अझ बढी प्रगति हासिल गर्न सकिन्छ भन्ने कुराको विश्लेषण गरिएको छ । यस अवधिमा प्रदेश सरकारद्वारा सम्पादित कार्य तथा उपलब्धिलाई जनता समक्ष प्रस्टसँग राख्नु पर्दछ भन्ने मान्यताका साथ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको योजना र निर्देशनबमोजिम प्रदेश योजना आयोगले यो मध्यावधि प्रगति समीक्षाको पुस्तिका तयार गरेको छ । यसभित्रका कुरालाई छोटो, स्पष्ट र मीठो रूपमा बुझ्न सकियोस् भनेर 'सूचनाचित्र' को पकेटबुक पनि प्रकाशनमा ल्याइएको छ । सङ्घीय राजनीतिक प्रणालीअन्तर्गत यस प्रदेशको पहिलो सरकारको पहिलो आधा अवधिमा गरिएका कार्य प्रगतिलाई मूलतः दुई आधारमा मूल्याङ्कन गरिएको छ – पहिलो परिमाणात्मक, जसले वित्तीय र भौतिक प्रगति देखाउँछ र दोस्रो गुणात्मक, जसले विभिन्न गुणात्मक क्षेत्रमा प्रदेश सरकारको कार्यक्रम र कार्यको सम्बन्ध र प्रभावको सङ्केत गर्दछ । यी सबै प्रगतिलाई सूचकका माध्यमबाट प्रतिबिम्बित गरिएको छ ।

प्रदेश योजना आयोग प्रदेशको समग्र विकास योजना, नीति तथा रणनीतिहरू तर्जुमा गर्न प्रदेश सरकारलाई सुझाव, सल्लाह तथा सहयोग गर्ने निकाय भएकोले यसले माथि उल्लिखित कार्यका साथसाथै अन्य कार्यहरू पनि गर्दै आइरहेको छ । प्रदेश सरकारको विकास कार्यक्रम, परियोजना, नीति, रणनीति तर्जुमाको साथै त्यसको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा समन्वय र सहजीकरण पनि गर्दै आइरहेको छ । प्रदेश सरकारका विभिन्न निकायहरूसँग समन्वयात्मक भूमिका प्रदेश योजना आयोगले निभाउँदै आइरहेको छ । प्रदेश सरकारले आयोजना गर्ने विभिन्न कार्यक्रम तथा कार्यशाला गोष्ठीहरूमा आयोग सक्रिय रूपमा सहभागी हुँदै आइरहेको छ ।

# परिच्छेद ३
# निष्कर्ष तथा भावी कार्यदिशा

## ३.१ प्रदेश योजना आयोगले हासिल गरेको प्रमुख उपलब्धि

प्रदेश योजना आयोगले स्थापना भएको छोटो अवधिमा थुप्रै प्रयासहरू गरेको छ । जसमध्ये आयोगले हासिल गरेको प्रमुख उपलब्धिहरूलाई तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

क. प्रदेश नं. १ को तेस्रो मध्यमकालीन खर्च संरचना (MTEF) २०७८/७९–२०८०/८१ तर्जुमा गरी प्रकाशन गरेको छ ।
ख. आर्थिक वर्ष २०७७/७८ को लागि वार्षिक विकास कार्यक्रम तर्जुमा गरी प्रकाशन गरेको छ ।
ग. बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदारहरूसँगको समन्वय र सम्पर्क विकासको भूमिका निर्वाह गरेको ।

## ३.२ प्रदेश योजना आयोगका समस्या तथा चुनौती

अहिले विश्वकै समस्या र चुनौतीको रूपमा कोरोना महामारीले कुनै क्षेत्र अछुतो रहन सकेको छैन । यस्तो यथार्थलाई आत्मसात् गर्दै समयानुकूल कार्यशैली अपनाउँदै योजना आयोगको दैनिक कार्य सञ्चालन गर्नु एक चुनौतीको रूपमा रहेको छ । त्यसैगरी, आयोगको आर्थिक, कानुनी, मानवीय, संस्थागत समस्याहरू रहेका छन् । जसमध्ये प्रमुख समस्याहरू निम्नानुसार रहेका छन् :

क. कार्यविधि तथा निर्देशिकाको अभाव,
ख. आफ्नै सचिवालय भवनको अभाव,
ग. अनुसन्धान, विकाससँग सम्बन्धित महाशाखाहरू भए पनि मानव संसाधनको परिचालन गर्न नसकिएको,

घ. आयोगले पूर्णता पाउन बाँकी हुनु,
ङ. विषय विज्ञको सहज उपलब्धता नहुनु,

## ३.३ समस्या समाधानका लागि आयोगबाट भएका प्रयास

क. भवन भाडामा लिई कार्य सञ्चालन गरिएको,
ख. आवश्यकता अनुसार सेवा करारमा जनशक्ति व्यवस्था गरिएको,
ग. आयोगको कामकारबाहीलाई प्रविधिमैत्री र पारदर्शी बनाउन Website निर्माण गरिएको,
घ. आयोगको आगामी कार्य योजना निर्माण गरिएको ।

## ३.४ प्रदेश योजना आयोगको भावी कार्यदिशा

क. विश्वव्यापी महामारी कोभिड–१९ को प्रभावलाई मध्यनजर गर्दै आवधिक योजना परिमार्जन गर्ने,
ख. दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्ने,
ग. आवधिक योजना, बजेट, नीति तथा कार्यक्रमबिच तादात्म्यता कायम गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने,
घ. प्रदेश सरकारसम्बद्ध निकायहरूको मासिक प्रगति समीक्षा गर्ने,
ङ. परियोजना बैंक (Project Bank) तयार गर्ने,
च. मानव विकास सूचकाङ्क (HDI) प्रादेशिक वस्तुस्थितिको तयारी गर्ने,
छ. अति विपन्न समुदायहरूको तथ्याङ्क खोज तथा अनुसन्धान गरी प्रादेशिक तथ्याङ्क तयार गर्ने,
ज. प्रदेशसम्बद्ध निर्यातयोग्य उत्पादनको अध्ययन तथा बजारीकरणको प्रतिवेदन तयार गर्ने,
झ. योजनाहरूको कार्यान्वयन योजना बनाउने,
ञ. आवधिक योजनाका लक्ष्य आधारित अनुगमन, मूल्याङ्कन र नियमित प्रगति समीक्षा गर्ने,

ट. खर्च/स्रोत संरचना समिति, निर्देशक समिति, स्रोत समिति, मध्यमकालीन खर्च संरचना कार्यदल गठन गर्ने,

ठ. सामाजिक, आर्थिक, शैक्षिक क्षेत्र लगायतको विकासका लागि अनुसन्धान/प्रतिवेदन तयार गर्ने र उक्त विषयमा मन्त्रालयहरूलाई सहजीकरण गर्ने,

ड. सुशासन र पारदर्शितासँग सम्बन्धित विषयमा आयोगको कामलाई पारदर्शी ढङ्गले सम्पन्न गर्न आफूसँग सम्बन्धित सूचना नियमित रूपमा सार्वजनिक गर्ने,

ढ. आयोगका लागि आवश्यक पर्ने विज्ञ जनशक्ति र अनुसन्धानकर्ताको सेवा करारमा लिने तथा राष्ट्रिय योजना आयोग, नेपाल सरकारका विभिन्न मन्त्रालय र प्रधानमन्त्रीको कार्यालयसँगको सहकार्यमा आयोगको सबलीकरण गर्ने,

ण. नियमित तथा कार्यमूलक अनुगमन प्रणालीको स्थापना र विकास गर्ने । यस कार्यमा प्रदेश सभा तथा जिल्ला समन्वय समितिसँग आवश्यक समन्वय गर्ने,

त. प्रदेश योजना आयोगलाई पूर्णता दिने ।


N
नेपाल
चीन
भारत
सुदूरपश्चिम प्रदेश
कर्णाली प्रदेश
गण्डकी प्रदेश
लुम्बिनी प्रदेश
बागमती प्रदेश
प्रदेश नं. २
प्रदेश नं. १
सोलुखुम्बु
संखुवासभा
ताप्लेजुङ
ओखलढुङ्गा
खोटाङ
भोजपुर
तेह्रथुम
पाँचथर
धनकुटा
इलाम
उदयपुर
सुनसरी
मोरङ
झापा
विराटनगर

[illegible]

**प्रदेश योजना आयोग**

प्रदेश नं. १, विराटनगर